कानूनविभाग

श्री ५ महाराजाधिराजबाट बनाइवक्सेको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको निमित्त प्रकाशित गरिएको छ.

२०१२ सालको ऐन नं. ११

स्वस्तिश्री गिरीराज चक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावलि-विराजमान मानोन्नत ओजस्वी राजन्य प्रोज्ज्वल नेपालतारा ॐरामपट्ट अतुल ज्योतिर्मय त्रिशक्ति पट्ट अति प्रबल गोरखा दक्षिणबाहु महाधिपति फिल्ड मार्शल सर्वोच्च कम्याण्डर इनचीफ श्रीमन्महाराजाधिराज श्री श्री श्री महाराज महेन्द्रवीर विक्रम जंङ्गबहादुर शाहबहादुर शमशेर जङ्गदेवानाम् सदा समरविजयिनाम्।

प्रधान न्यायालयको ऐन, २००८ संशोधन गर्ने ऐन

प्रधान न्यायालय ऐन २००८ यसपछि मूल ऐन भनी लेखिएको संशोधन गर्न आवश्यक परेकोले श्री ५ महाराजाधिराजबाट यो ऐन बनाई जारी गरिबक्सेको छ।

१. संक्षिप्त नाम र्यो ऐनको नाम 'प्रधान न्याय लय तेश्रो संशोधन ऐन, २०१२' रहेकोछ।

२. मूल ऐनको दफा ४ को संशोधन: मूल ऐनको दफा ४ को सट्टा देहायको दफा राखिएकोछ।

प्रधान न्यायालयको आदेश फैसलाहरु अन्तिम निर्णय (कोर्ट अफ रेकर्ड) भनी मान्य हुनेछ तथा प्रधान न्यायालयको र सोभातहतको अदालतहरुको अवहेलनासम्बन्धी सजाय गर्ने अख्तियार यस प्रधान न्यायालयलाई प्रचलित भई रहेको ऐनहरुअनुसार हुनेछ।

३. मूल ऐनको केही दफाहरु खारेज :—मूल ऐनको दफा १८, २२, २३, ३७, र ३८ खारेज भएको छ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४. मूल ऐनको दफा १६ र २० को संशोधनः—मूल ऐनको दफा १६ को 'वा स्पेशल बेन्च वा फूल बेञ्च' र दफा २० को 'स्पेशल बेन्च वा फूल बेन्च' भन्ने शब्दहरू झिकीएका छन् ।

५. मूलऐनको दफा २१ को संशोधनः— मूलऐनको दफा २१ को सट्टा देहय-को दफा राखिएको छ।

अपील साधक हेर्ने समेत अधिकारः प्रधान न्यायालयको अपील सुन्ने, मुद्दा दोहऱ्याउने र साधक हेर्ने अधिकार कानूनले दिएबमोजिम हुनेछ र दरखास्त वा बिन्तिपत्रसम्बधी अन्त कालीन आदेशमा फेरी हेर्ने (रिभ्यू गर्ने) अधिकारसम्म प्रधान न्यायालयलाई हुनेछ ।

६. मूल ऐनको दफा २५ को संशोधनः—मूल ऐनको दफा २५ कोसट्टा देहा-यको दफा राखिएको छ ।

डिभिजन बेञ्चमा रोयबाझी भएमा गर्नेकामः— डिभिजन बेञ्चले मुद्दा हेर्दा न्यायाधीशहरूको राय मिलेमा बाझिन गएमा देहायबमोजिम गरिएको तेश्रो न्यायाधीशले सो मुद्दा हेर्नुपर्छ र निजको राय फैसला सदर हुन्छ

[क] प्रधान न्यायाधीश शामेल भएकोमा प्रधान न्यायाधीशले तोकेको प्रधान न्यायालयका अन्य न्यायाधीश ।

[ख] प्रधान न्यायाधीशबाहेक अरू दुइ जना न्यायाधीश शामेल भएकोमा प्रधान न्यायाधीश ।

७. मूल ऐनको दफा २९ को संशोधनः—मूल ऐनको दफा २१ मा 'आवश्यक भए बमोजिम डिक्री दिन सक्नेछ वा आदेश गर्न सक्नेछ' भन्ने शब्दहरूको सट्टा 'प्रचलित कानूनको अधीनमा रही आवश्यक डिक्री वा आदेश दिन सक्नेछ' भन्ने सब्दहरू राखिएको छ ।

८. मूल ऐनमा दफा थपः— मूल ऐनको दफा २९ पछि देहायको दफा थपिएको छ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१० पुर्जी इत्यादि जारी गर्ने अख्तियार:— प्रधान न्यायालयलाई नेपालभर मुलुकमा वा अँसुकै पनि आफ्नो अधिकार क्षेत्रभित्र पर्ने सबै कुरामा कानून द्वारा प्रदत्त अधिकारको प्रचलनका लागि कुनसुकै व्यक्ति वा व्यक्तिहरू कम्पनी, कारपोरेशन वा अधिकारी वर्गलाई जो चाहिने आज्ञापत्र वा आदेश, जसमा बन्दी प्रत्यक्षी कारण (हेबियस कर्पस) परमादेश (म्याण्डेमस्), प्रतिषेध (प्रोहीबिशन) अधिकार पृच्छा (क्वो वारेन्टो) उत्प्रेषण (सर्सि ओरेरी) का प्रकारका पुर्जीसमेत शामेल छन्, जारी गर्ने अख्तियार हुनेछ।

तर प्रचलित ऐन सवाजले नालिस लाग्ने कुरामा यस्तो आदेश दिन हुँदैन।

९. दफा ११ को संशोधन:— मूल ऐनको दफा ११ को सट्टा देहायको दफा राखिएको छ।

११. एटर्नी जनरल:—[१] नेपाली कानूनमा पोख्त भई क्षमता हासिल गरेको लायक व्यक्तिलाई सरकारले एटर्नी जनरलको पदमा नियुक्त गर्नेछ।

[२] सरकारले ऐन कानूनसम्बन्धी विषयहरूमा सल्लाह माग्नेका कुरामा सल्लाह दिनु र परिआएको कुनसुकै सरकारी कानूनी काममा सरकारले खटाएबमोजिम गर्नु एटर्नी जनरलको कर्तव्य हुनेछ।

[३] आफ्नो ओहदाको कर्तव्य पालन गर्नेको निमित्त एटर्नी जनरलले नेपालभर मुलुकका सबै अदालतहरूमा बहस गर्न पाउने छन्।

[४] एटर्नी जनरलको नोकरी सरकारको इच्छानुसार बहाल रहने छ

[५] एटर्नी जनरलले प्राइभेट प्राक्टीस गर्न पाउने छैनन्।

आधिकारिकता प्रमाणित विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

[६] एटर्नी जनरलको नोकरीका अरू शर्तहरू सरकारले नियमद्वारा तोकेबमोजिम हुनेछ ।

[७] उपरोक्त दफाहरूमा जेसुकै लेखिएको भए तापनि सरकारले चाहेमा जुनसुकै मुद्दामा बहस गर्न अरू कुनै अफिसर वा व्यक्तिलाई खटाउन सक्छ ।

इति सम्वत २०१२ साल आश्विन गते रोज शुभम्

आज्ञाले—

रत्नबहादुर विष्ट,

सेक्रेटरी—कानून तथा संसदीय प्रबन्ध विभाग

मुद्रण विभाग, सिंहदरबार

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।